
अध्यक्ष हेन्री बि.आईरिङद्वारा



# पवित्रताले सशस्त्रित

पृथ्वीमा परमेश्वरका अगम्बक्ता,अध्यक्ष थमस एस.मनसनले घोषणा गर्नुभयो, "आज हामी हाम्रा आखाँ अगाडि जम्मा भएका अहिले सम्मकै सबै भन्दा बडि मात्रमाको पाप, अनाचार र दुष्टताको विरूद्धमा जम्मा भएकाछौं ।"[1]

के तपाईलाई अचम्म लाग्दैन कि अध्यक्ष मनसनले यी शब्दहरू ५० वर्ष अगाडि बाचन गर्नु भएको थियो ? यदि हामीले त्यो बेला कहिल्यै नभएको दुराचार को सामना गरिरहेका थियौं भने, हामीलाई आज दुराचार ले कति धम्की दिई रहेकोहोला ?राम्रो कारणले, परमप्रभुले हाम्रो समयावदीका बारेमा यो घोषणा गर्नुभयो, "हेर, सत्रु एकत्रित भएको छ" (सि र क ३८:१२) ।

त्यो यद्ध जुनमा "हामी सुचिकृत छौं"[2] हामी यो पृथ्वीमा जन्मनु भन्दा अगाडि सुरू भएको थियो । त्यो यो पृथ्वीको सृष्टि हुनु भन्दा अगाडिनै सुरू भएको थियो । यो धेरै हजार वर्ष अगाडि पूर्वमरन्सील लोकमा सुरू भएको थियो जहाँ सैतानले विरोध गऱ्यो र "मानिसको छनोटको अधिकारलाई नाश गर्न खोज्यो"(मोशा ४:३) ।

सैतानले युद्ध हाऱ्यो र "बाहिर पृथ्वीमा निकालियो" (प्राकाश १२:९), जहाँ उस्ले आफ्नो युद्ध जारि राखेको छ । यहाँ पृथ्वीमा उसले परमेश्वरका सन्तहरू विरूद्धमा लडिरहन्छ र उनिहरूलाई झुटहरू, धोका र प्रलो भनहरूले घेरदछ (सि र क ७६:२९) ।

उ अगम्बक्ताहरू र प्रेरितहरू विरूद्ध लड्दछ । उ पवित्रताको नियम र विवाहको पवित्रताको विरूद्ध लड्दछ । उ परिवार र मन्दिर विरूद्ध लड्दछ । उ सहि, शुद्ध र पवित्र विरूद्ध लड्दछ ।

हामी त्यस्तो सत्रुसँग कसरी लड्ने ? हामी हाम्रो संसारलाई घेरिरहेको सत्रु विरूद्ध कसरी लड्ने ? हाम्रो कवच के हो ? हाम्रा मित्रहरू को हुन् ?

### थुमाको शक्ति

अगम्बक्त जोसेफ स्मितले भन्नुभयो कि सैतानको हामी माथी त्यो स्तरमा मात्र शक्ति हुन्छ जहाँसम्म हामीले स्विकृती दिन्छौं ।[3]

हाम्रो दिन देखेर, नफिले "परमेश्वरका थुमाको शक्ति देख्नुभयो कि त्यो थुमाको चर्चका सन्तहरू माथि र परमप्रभुका करारबद्ध मानिसहरू माथि आयो जो पृथ्वीका सारा ठाउँहरूमा छरिएका थिए र उनिहरू पवित्रता र महान महिमामा परमेश्वरको शक्तिले सशस्त्रित थिए" (१नफि १४:१४;थप जोड दिएको) ।

हामीले कसरी आफैलाई पवित्रता र शक्तिले सशस्त्रित गर्ने हो ? हामीले विश्रामको दिनलाई पवित्र राख्छौं र पादरित्वलाई सम्मान गर्छौं । हामीले पवित्र करार गर्छौं र पालना गर्छौं, हाम्रो पारिवारिक इतिहासमा काम गर्छौं र मन्दिर जान्छौं । हामी निरन्तर रूपमा पश्चताप र परमप्रभुलाई "हामीले हाम्रा पापहरूको क्षमा प्राप्त गर्न सकौं भनि ख्रिष्टको प्रायस्चित्तयूक्त रगत लगाइदिन" (मोसाया ४:२) बिन्ती र संघर्ष गर्छौं । हामी प्रार्थना र सेवा गर्छौं र गवाहि दिन्छौं र येशू ख्रिष्टमा आस्था राख्छौं ।

हामीले आफैलाई पवित्रता र शाक्तिले सशस्त्रित गर्न सक्छौं जब हामीले "हाम्रा मस्तिस्कमा निरन्तर रूपमा जिवनका बचनहरूलाई साँचेर राख्छौं" (सि र क ८४:८५) हामीले ती बचनहरूलाई साँचेर राख्छौं जब हामीले आफैलाई पवित्र धर्मशास्त्रहरूमा र परमप्रभुका चुनिएका सेवकहरूका सब्दहरूमा डुबाउछौं, जसले आउने महिनाको साधारण सम्मेलन मा उहाँको इच्छा,मन र स्वोरलाई (सि र क ६८:४) बाँड्नेछन् ।

हाम्रो दुष्टहरुको विरूद्धको लडाईमा हामीले सधैं सम्फनु पर्दछ कि हामीलाई पर्दाको दुबै तर्फबाट सहयोग मिल्नेछ । हाम्रा सहयोगीमा अनन्त पिता परमेश्वर, परमप्रभु येशू ख्रिष्ट र पवित्र आत्मा हुनुहुन्छ ।

हाम्रा सहयोगीहरूमा स्वोर्गका नदेखिने सेनाहरू पनि छन् । "नडराउ," एलिशाले डराएका एक यूवालाई भने जब उनिहरूले दुष्टको एक सेनालाई सामना गरे, "किनभने जो हामीसँग छन् उनिहरूसँग हुने भन्दा घेरै छन्"(२ राजाहरू ६:१५–१६) ।

हामीले डराउन पर्दैन । परमेश्वरले उहाँका सन्तहरूलाई माया गर्नुहुन्छ । उहाँले कहिल्यै हामीलाई परित्याग गर्नु हुनेछैन ।

मलाई थाहा छ कि परमेश्वरले प्रार्थनाको उत्तरमा मलाई दुष्टबाट मुक्त गर्न मेरा विन्तिहरूलाई पुरा गर्नुभएको छ । मैले गवाहि दिन्छु कि परमेश्वर पिता, संसारका मुक्तिदाता र पवित्र आत्माको सहयोगले हामी सुनिश्चित हुन सक्छौं कि हामीले सामना गर्ने जुनसुकै दुष्ट शक्तिहरूलाई पनि पराजित गर्न हामीलाई चाहिने भन्दा बढि शक्ति दिईने छ ।

हामी सधै पवित्रताले सशत्रित होऔं ताकि हामीमा अन्तिम विजयमा विश्वास हुनेछ ।

**सुचीहरू**

१. थोमस एस. मनसन, "Correlation Brings Blessings," *Relief Society Magazine*, एप्रिल १९६७, २४७ ।

२. "We Are All Enlisted," भजन नं २५० ।

३. *Teachings of Presidents of the Church: Joseph Smith* (२००७),२१४ हेर्नुहोस् ।

## यो सन्देशबाट सिकाउने

अध्यक्ष आइरिङले हामीलाई सम्फाउनु हुन्छ कि हामीले दुष्ट विरूद्ध युद्ध लडिरहेका छौं । तपाईले "हामी सबै सुचिकृत छौं"(भजन नं २५०) तपाईले सिकाउनेहरूसँग गाएर सुरूवात गर्न सक्नुहुन्छ । त्यस पछि तपाईले उनिहरूलाई उनिहरू कसरी पवित्रताद्वारा सरक्षित रहे भन्ने बारे बाड्न अनुरोध गर्न सक्नुहुन्छ र सैतानबाट उनिहरूका परिवारलाई सुरक्षा दिन सक्ने तरिकाहरू जस्तै स्वास्थ्यकर मिडिया छान्ने, पारिवरिक सल्लाह राख्ने, वा साप्ताहिक पारिवारिक साँफ राख्ने बारे मतिष्क मन्थन गर्ने । तपाईले उनिहरूलाई कसरी आफ्ना परिवारको सुरक्षाहरूलाई पजबुत बनाउने भन्ने बारेमा प्रार्थनापूर्वक मनन् गर्न चुनौति दिन सक्नुहुन्छ र उनिहरूलाई आफ्ना तरिकाहरू कार्यन्वयन गर्न एउटा योजना बनाउन प्रोत्साहन गर्न सक्नुहुन्छ ।

## युवा

## मैले निर्णय गरी सकें

मेदिसन थोमसनद्वारा

मैले एक पटक युवतीहरूको कक्षामा लैंगिक पवित्रताका बारेमा एउटा महत्वपूर्ण पाठ सिकेको थिएँ–एउटा विषय जसले धेरै युवाहरूलाई उनिहरूका सिटहरूमा मडारिए । मैले त्यो दिन सिकेको सबै कुरा याद छैन तर मलाई मेरो अगुवाले उहाँको एउटा स्टेन्डर्टको बारेमा बोलेको याद छ–सधै लैंगिक रूपमा पवित्र रहने । उहाँका शब्दहरू मसँग रहिरहें र मैले होशमा यस्लाई आफ्ना एउटा व्यक्तिगत मान्यताको रूपमा लिने निर्णय गरें ।

एक दिन जब म एउटा खेलकुद कार्यक्रम पछि बसमा घर गैरहेको थिएँ, बसमा कोहिले सत्य र आँटको एउटा खेल सुरू गऱ्यो । फाउ लागे पछि उरू केहि केटाकेटि र म पनि सामेल भयौं । जब मेरो पालो आयो मैले त्यस्तो केहि गर्नु पऱ्यो जुन मलाई थाहा थियो सहि थिएन । यो मेरो लागि एउटा गाह्रो निर्णय हुन सक्थियो तर मेरो

युवतिहरूको अगुवाका शब्दहरू मेरो दिमागमा आयो र त्यो छनौट सजिलो भयो । मैले तुरन्तै अस्विकारेँ । मैले त्यो अवस्थामा के गर्नेछु भनेर मेरो मनमा तय गरिसकेको थिएँ ।

मलाई थाहा छ कि जब हामी चर्च जान्छौँ र हामीले त्यहाँ सिकेका कुराहरूका लागि ठाउँ बनाउछौँ, हामीलाई अझ बढि आत्मिक शक्ति र संसारका प्रोलोभनहरूबाट सुरक्षाले आशिषीत हुनेछौँ ।

*लेखक युटा, युएसए मा बस्नुहुन्छ ।*

## बालबालिका

# तपाईको कवच पहिरनुहोस्

यो संसारमा धेरै खराब चिजहरू छन् । सुसमाचार एउटा छेक जस्तै हो जसले हामीलाई सुरक्षा दिन्छ ।

अध्यक्ष आइरिङले हामी आफैलाई सुरक्षित राख्न गर्न भन्नु भएका १० कुराहरू पढ्नुहोस् ।

- विश्रामको दिनलाई पवित्र राख्नुहोस्
- पादरित्वलाई सम्मान गर्नुहोस्
- करारहरू गर्नुहोस् र पालना गर्नुहोस्
- पारिवारीक इतिहास मा काम गर्नुहोस्
- मन्दिरमा जानुहोस्
- पश्चताप गर्नुहोस्
- प्रार्थना गर्नुहोस्
- अरूको सेवा गर्नुहोस्
- आफ्नो गवाहि बाड्नुहोस्
- धर्मशास्त्रहरू पढ्नुहोस्

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६। 97923-372 को अनुवाद ।

# येशू ख्रिष्टको सक्षम बनाउने शक्ति र उहाँको प्रायश्चित्त

आस्था, परिवार, राहत

*प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् र के बाँड्ने भनेर बुझ्नुहोस् । कसरी राहत समाजको उदेश्य बुझनाले परमेश्वरका छोरीहरूलाई अनन्त जिवनका आशिषहरूका लागि तयार गर्दछ ।*

"मैले सबै कुरा ख्रिष्ट मार्फत गर्न सक्छु जसले मलाई मजबुत पार्दछ" - (फिलिप्पी ४:१३) । "हामी सबैमा कमजोरी भएतापनि हामीले त्यस माथि विजय प्राप्त गर्न सक्छौं," अध्यक्ष डिटर एफ. उक्डोर्फ, प्रथम अध्यक्षतामा दोश्रो सल्लाहकारले भन्नुहुन्छ ।"[1]

हाम्रा मुक्तिदाताले सिद्धान्त र करारहरूमा भन्नुहुन्छ, "म तिमीहरू अगाडि जानेछु । म तिमीहरूको दाहिने र देब्रेतिर हुनेछु र मेरो आत्मा तिमीहरूको ह्दयहरूमा हुनेछ र मेरा दुतहरू तिम्रा ओरिपरी तिम्रो रक्षार्थ हुनेछन्" (सि र क ८४:८८)।

"नफि एउटा उदाहरण हुन् जसले येशू ख्रिष्टको सक्षम बनाउने शक्तिलाई थाहा पाएको, बुझेको र भर परेका थिए," बाह्र प्ररितका गणका एल्डर डेबिट ए. बेट्नारले भन्नुहुन्छ । "नफिका दाजुहरूले उहाँलाई डोरिले बाँधे र उहाँको बिनाशको योजना बनाए । कृपया नफिको प्रार्थनालाई ध्यान दिनुहोस्: 'हे परमप्रभु मेरो हजुर प्रति भएको आस्थाका आधारमा, के हजुरले मलाई मेरा दाजुहरूको हातबाट छुटकारा दिनुहुनेछ; हो मलाई शक्ति पनि दिनुहोस् ताकि मैले यी बन्धनहरुलाई तोड्न सकुँ जसद्वारा म बाँधिएको छु' (१ नफि ७:१७; जोड दिएको)।

"...नफिले आफ्नो परिस्थितीलाई परिवर्तन गर्दिन प्रार्थना गरेका थिएनन् । उहाँलेत परिस्थितीलाई परिवर्तन गर्न सक्ने शक्तिको लागि प्रार्थना गरेका थिए । र मलाई विश्वास छ कि उहाँले थिक यहि तरिकाले प्रार्थना गरे किनभने उहाँलाई येशू खीष्टको सक्षम बनाउने प्रायश्चित्तलाई थाहा पाएको, बुझेको र अनुभव गरेका थिए,"

"मलाई लाग्दैन कि नफिलाई बाँधेका बन्धनहरू चमत्कारी तरिकाले उहाँका हातहरू र हत्केलाहरूबाट खसे होलान् । तर मलाई लाग्छ कि उहाँलाई उहाँको प्राकृतिक क्षमता भन्दा बढि व्यक्तिगत शक्ति र धैर्यताले आशिषीत हुनुभयो, त्यस पछि उहाँले 'परमप्रभुको शक्तिमा'(मोसाया ९:१७) ती डोरीलाई घुमाउनुभयो, तान्नुभयो र अरू काम गर्नुभयो र अन्त्यमा ती बन्धनहरूलाई तोड्न सफल हुनुभयो ।"[2]

## थप धर्मशास्त्रहरू र जानकारी

यशैया ४१:१०; एतेर १२:२७;
reliefsociety.lds.org

### सुचीहरू

1. डिटर एफ. उक्डोर्फ, "The Gift of Grace," *Liahona,* मे २०१५, १०८।
2. डेबिट ए. बेट्नार, "Strength beyond Our Own," *New Era,* मार्च २०१५,४ ।

**यसको बारेमा विचार गर्नुहोस्**

कसरी येशू खीष्टको सक्षम बनाउने शक्ति र उहाँको प्रायश्चित्त गर्ने बलिदानले हाम्रा कमजोरीहरूलाई बलियो बनाउन सहयोग गर्दछ ?

© 2017 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदन: ६/१६ । अनुवाद अनुमोदन: ६/१६। 97923-372 को अनुवाद ।